# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रत्ननगर, चितवन
बागमती प्रदेश, नेपाल

प.स. : ०८०/०८१ मिति : २०८०।०६।०१
च.नं. : १८०२

श्री वडा कार्यालय सबै,
रत्ननगर नगरपालिका, चितवन ।

विषय : बिवरण उपलब्ध गराइदिने सम्बन्धमा ।

उपर्युक्त बिषयमा राष्ट्रिय भूमि आयोग तहाचल, काठमाण्डौ को मिति २०८०।०५।३१ को च.नं.१५५ र १५६ को पत्रबाट सरकारी अभिलेख(फिल्डबुक) मा गौचरन, खर्क, कुलो, राजकुलो, बाटो, खलो, खलियन, भीर लगायतका क्षेत्र तथा राष्ट्रिय निकुञ्ज र आरक्षहरुको मध्यवर्तीक्षेत्र र संरक्षित क्षेत्रमा कम्तीमा १० वर्ष देखि घर टहरा बनाइ बसोबास गर्दै आएका वा आवाद कमोद गर्दै आएका भूमिहिन दलित, भूमिहिन सुकुम्वासी र अव्यबस्थित बसोबासीको अनुमानित संख्या र जग्गाको क्षेत्रफल माग भइ आएको हुदा आयोगको पत्रको छाँयाकपी यसै साथ संलग्न गरी पठाइएको छ । उक्त पत्र अध्ययन गरी सो सग सम्बन्धित आवश्यक बिवरण ५ दिन भित्र यस कार्यालयमा अनिवार्य रुपमा उपलब्ध गराइदिनु हुन अनुरोध छ ।

(छविलाल सुवेदी)
प्रमुख प्रशासकीय अधिकृत

फोन नं.: ०५६-५६०५२९, ५६०५०६, फ्याक्स: ०५६-५६२४८७
E-mail: ratna.municipal@gmail.com, Website: www.ratnanagarmun.gov.np

CamScanner

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

☎ ०१-५३१३१३२
५३१३१३५
५३१३१३६
टोल फ्री नं.: १६६००१३५४४४
वेबसाइट : www.nlc.gov.np
इमेल: info@nlc.gov.np
ताहाचल, काठमाडौं ।

पत्र संख्या :- २०८०।८१
चलानी नं. :- १५५

मिति: २०८०।०५।३१

श्री स्थानीय तहहरू,
सबै।
श्री राष्ट्रिय भूमि आयोग,
जिल्ला समिति (सबै)।

**विषयः आयोगको निर्णय पठाइएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस आयोगको मिति २०८०।०५।२७ गते बसेको बैठकले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्णय प्रकृया अघि बढाउने सन्दर्भमा विभिन्न जिल्लाका कतिपय स्थानीय तहहरूमा सरकारी अभिलेख (फिल्डबुक) मा गौचरन, खर्क, कुलो, राजकुलो, बाटो, खलो, खलियान, भीर, पाखो, वन, बुट्यान, खरबारी, कान्ला, इनार, कुवा, ताल, तलैया, खोला, नदी, खोल्सो, खोल्सी, बगर, बालु, बालुवुर्जा, डहर, डहरो, डगर, बजार, हाट, बजार, हात्तिसार, ढुंग्यान, नुनथार, सडक, मसानघाट, कब्रस्थान, चिहान आदि उल्लेख भएका तर हाल ती जग्गाहरू सरकारी अभिलेखमा उल्लेख भएको प्रयोजनमा नरही लामो समयदेखि (कम्तीमा १० वर्षभन्दा अघिदेखि) भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीले घरं टहरा बनाई बसोबास वा आवाद कमोत गर्दै आएका र आयोगमा भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची ३ र ४ बमोजिमको फाराम भरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरूको अनुमानित संख्या र त्यस्तो जग्गाको क्षेत्रफल आँकलन गरी यस आयोगमा सात (७) दिनभित्र पठाउनका लागि स्थानीय तहलाई र आवश्यक सहजीकरणका लागि जिल्ला समितिलाई पत्राचार गर्ने भनी निर्णय गरेको हुँदा निर्णयानुसार गर्नुहुन अनुरोध छ।

०८०।५।३१
(शालिकराम आचार्य)
उप-सचिव

नेपाल सरकार

# राष्ट्रिय भूमि आयोग

☎ ०१-५३१३९३२
५३१३९३५
५३१३९३६
टोल फ्री नं.: १६६००१३५४४४
वेबसाइट : www.nlc.gov.np
इमेल: info@nlc.gov.np

ताहाचल, काठमाडौं ।

पत्र संख्या:- ०८०/८१
चलानी नं :- १५६

मिति: २०८०।०५।३१

श्री स्थानीय तहहरू,
सबै।
श्री राष्ट्रिय भूमि आयोग,
जिल्ला समिति (सबै)।

**विषय: आयोगको निर्णय पठाइएको सम्बन्धमा।**

प्रस्तुत विषयमा यस आयोगको मिति २०८०।०५।२७ गते वसेको बैठकले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित वसोवासीलाई व्यवस्थापन गर्ने प्रयोजनका लागि निर्णय प्रकृया अघि बढाउने सन्दर्भमा विभिन्न जिल्लाका कतिपय स्थानीय तहहरू राष्ट्रिय निकुञ्ज र आरक्षहरूको मध्यवर्ति क्षेत्र र संरक्षित क्षेत्रमा पर्ने देखिएकोले ती टाउँमा लामो समयदेखि (कम्तीमा १० वर्षभन्दा अघिदेखि) घर टहरा बनाई बसोवास वा आवाद कमोत गर्दै आएका र आयोगमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीको लगत संकलन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची ३ र ४ बमोजिमको फाराम भरेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरूको अनुमानित संख्या र त्यस्तो जग्गाको क्षेत्रफल आँकलन गरी यस आयोगमा सात (७) दिनभित्र पठाउनका लागि स्थानीय तहलाई र आवश्यक सहजीकरणका लागि जिल्ला समितिलाई पत्राचार गर्ने भनी निर्णय गरेको हुँदा निर्णयानुसार गर्नुहुन अनुरोध छ।

८०।५।३१
(शालिकराम आचार्य)
उप-सचिव